# प्रेस विज्ञप्ती

मंसिर ४, २०७७

## ८.५०% एस.बि.एल. डिबेन्चर २०८४ (ऋणपत्र) नेप्सेमा सूचीकृत

सिद्धार्थ बैंक लि. र नेपाल स्टक एक्सचेन्ज लि. बीच प्रति अंकित तथा चुक्ता मूल्य रु. १,०००/- कायम भएको ३०,००,००० थान ८.५०% एस.बि.एल. डिबेन्चर २०८४ (ऋणपत्र) सूचीकरण गर्ने सम्झौता सम्पन्न भएको छ । बैंकले सर्वसाधारण समक्ष एनएमबि क्यापिटल लिमिटेड मार्फत् ३०,००,००० थान ८.५०% एस.बि.एल. डिबेन्चर २०८४ खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी सर्वसाधारणमा वितरण गरिएको ३०,००,००० कित्ता ऋणपत्र वितरण भई नेपाल स्टक एक्सचेन्जमा सूचीकरण भएको छ ।

ऋणपत्र सूचीकरण सम्झौता पत्रमा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री शम्भु नाथ गौतमले हस्ताक्षर गर्नु भएको थियो भने नेपाल स्टक एक्सचेन्जको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री चन्द्र सिंह साउदले हस्ताक्षर गर्नु भएको थियो ।